# प्रेस विज्ञप्ति- ३४८

# Press Release- 348

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ

मिति: २०८०।१२।१६ गते।

## अवैध लागु औषध कोकिन १ के.जी. ४५५ ग्राम सहित २ जना कोकिनका अन्तराष्ट्रिय कारोवारीहरु पक्राउ।

विभिन्न मुलुकहरुबाट नेपाल प्रवेश गरी शंकास्पद गतिविधि गर्ने बिदेशी नागरीकहरूको यस ब्यूरोद्वारा निग्रानी गर्ने क्रममा लामो समयको निग्रानी पश्चात अवैध लागु औषध कोकिनको कारोबारमा संलग्न अन्तराष्ट्रिय गिरोहका दुई जना ब्राजिलियन नागरीकहरुलाई लागु औषध कोकिनका क्याप्सुलहरू सहित काठमाण्डौबाट पक्राउ गरिएको छ।

मिति २०८०।१२।१३ गते काठमाण्डौ जिल्ला का.जि.का.म.न.पा. १७ ठमेल जे.पी. मार्ग स्थित एक होटेलमा शंकास्पदरुपमा बसि रहेका ब्राजिलियन नागरीक LARISON BRITO DOS SANTOS को शुटकेश भित्र लुकाई छिपाई राखिएका ७७ वटा प्लाष्टिकले त्यापिङ गरिएका कोकिनका क्याप्सुलहरु भित्र राखिएको अवैध लागु औषध कोकिन ८४० ग्राम तथा FERNANDA VALE DOS SANTOS को शुटकेश भित्र लुकाई छिपाई राखिएका ६२ वटा प्लाष्टिकले त्यापिङ गरिएका कोकिनका क्याप्सुलहरु भित्र राखिएको अवैध लागु औषध कोकिन ५५० ग्राम गरी जम्मा १३९ क्याप्सुलबाट **कोकिन १ के.जी. ३९० ग्राम** सहित २ जना मानिस पक्राउ गरिएको छ।

अनुसन्धानको क्रममा निजहरु दुवै जनाले ब्राजिलको सापाउलोबाट कोकिनको क्याप्सुलहरु निलेर पेटमा लुकाउ छिपाउ गरी नेपाल ल्याएको खुल्न आएको छ।

निजहरु संग पेटमा थप क्याप्सुलहरु समेत हुन सक्ने देखिएकाले तत्काल निजहरु दुवै जनालाई नेपाल प्रहरी अस्पताल पठाईएकोमा निजहरु मध्य LARISON BRITO DOS SANTOS पेटबाट थप ६ वटा प्लाष्टिकले त्यापिङ गरिएका कोकिनका क्याप्सुलहरु भित्र राखिएको अवैध **लागु औषध कोकिन ६५ ग्राम** बरामद गरिएको छ।

साथै पक्राउ परेका LARISON BRITO DOS SANTOS र FERNANDA VALE DOS लाई सम्मानित जिल्ला अदालत काठमाण्डौबाट अनुमति लिई थप अनुसन्धान भई रहेको जानकारीको लागि अनुरोध।

**नोट:- बरामद गरिएको अवैध लागु औषध कोकिनको अवैध बजार मुल्य रु. ४ करोड ३६ लाख ५० हजार हुन आउँछ।**








**प्रवक्ता / सूचना अधिकारी**
(रामेश्वर कार्की)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३